# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, साउन २० गते २०६१ साल (अतिरिक्ताङ्क १८


## भाग २

श्री ५ को सरकार

### कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

२०६१ सालको अध्यादेश नं. ७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना:** स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस अध्यादेशको नाम "स्थानीय स्वायत्त शासन (पहिलो संशोधन) अध्यादेश, २०६१" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३९ मा संशोधन:** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३९ को सट्टा देहायको दफा २३९ राखिएकोछ:-

"२३९. **म्याद थप वा अन्य व्यवस्था गर्न सक्ने:** (१) प्राकृतिक प्रकोप, आर्थिक विश्रृङ्खलता, शान्ति सुरक्षाको असहज परिस्थिति वा त्यस्तै अन्य असामान्य अवस्था उत्पन्न भएको कारणले निर्धारित समयमा स्थानीय निकायका सदस्यहरुको निर्वाचन हुन नसकेमा श्री ५ को सरकार, मन्त्रिपरिषद्ले बढीमा एक वर्षको लागि म्याद थप गर्न वा अन्य तवरबाट स्थानीय निकायको कार्य सञ्चालन गर्न तथा सो निकायको सदस्यको काम, कर्तव्य र अधिकारको प्रयोग गर्न, गराउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र पनि सोही उपदफामा उल्लिखित कारणबाट स्थानीय निकायका सदस्यहरुको निर्वाचन हुन नसकेमा श्री ५ को सरकार, मन्त्रिपरिषद्ले निर्वाचन सम्पन्न नभएसम्म बढीमा अर्को दुई वर्षको लागि म्याद थप गर्न वा अन्य तवरबाट स्थानीय निकायको कार्य सञ्चालन गर्न तथा सो निकायको सदस्यको काम, कर्तव्य र अधिकारको प्रयोग गर्न, गराउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।



*आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम अन्य तवरबाट स्थानीय निकायको कार्य सञ्चालन गर्ने व्यवस्था गरिएकोमा त्यसरी व्यवस्था भएको स्थानीय निकायले आवश्यकता अनुसार सम्बन्धित गाउँ परिषद्, नगर परिषद् वा जिल्ला परिषद्को काम, कर्तव्य र अधिकार समेत प्रयोग गर्न सक्नेछ।"

३. **बचाउ:** सम्बत् २०६० साल माघ १ गते जारी भएको स्थानीय स्वायत्त शासन (पहिलो संशोधन) अध्यादेश, २०६० बमोजिम भए गरेका काम कारबाहीहरु यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ।

लालमोहर सदर मिति २०६१।४। २० । ४ ।

आज्ञाले,
डा. कुलरत्न भुर्तेल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।